# प्यूठान नगरपालिका
# आर्थिक वर्ष २०७९/०८० प्रथम चौमासिक
# सार्वजनिक सुनुवाई कार्यक्रम
# प्रतिवेदन

**कार्यक्रम संचालन**

**मिति : २०७९ पौष २०  गते**

**<u>प्रतिवेदन पेश गर्ने</u>**

**नेपाल पत्रकार महासंघ**
जिल्ला शाखा, प्यूठान

## १. पृष्ठभूमी :

स्थानीय तह र नागरिक विचको सुसम्वन्ध कायम गराउँदै विकास निर्माणमा हातेमालो र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनदै सरकारका विभिन्न अगांहरुसंग नागरिकको प्रत्यक्ष हातेमालोलाई अग्रसर बनाउनका लागि सार्वजनिक सुनुवाई एक महत्वपूर्ण कार्यकोरुपमा स्थापित हुदै आएको पाईन्छ । शुसासनयूक्त समाज र नागरिक प्रतिको उत्तरदायि सरकारको दायित्वबोध गराउँन समेत सार्वजनिक सुनुवाई कार्यक्रम प्रभावकारी छ । नागरिक र सरकार विचको दोहोरो संवाद मार्फत नागरिकलाई विकास निर्माणको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई नेपाल सरकार माननीय मन्त्रीस्तरको मिति २०६८।०१।१२ को निर्णय अनुसार स्वीकृत "स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७" जारी गरिएको छ ।

यस्तै राज्यको पुर्नसंरचना संगै तिन तहका सरकार अहिले क्रियाशिल छन् । हाल सबै कामहरु स्थानीय तहहरु मार्फत संचालन भइरहेको बर्तमान अवस्थामा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले सुशासन प्रबर्द्धन रणनिति तथा कार्ययोजना २०७४ जारि गरेको छ । उक्त कार्ययोजनाले पनि स्थानीय तहहरुले सार्वजनिक सुनुवाईको कुरालाई महत्वका साथ उठाएको छ ।

यसै सन्दर्भमा स्थानीय सरकारवाट संचालित विकास निर्माणका कार्यक्रम,सेवा प्रवाह,सार्वजनिक महत्वका विषयहरुमा नागरिक गुनासोहरुलाई सम्वोधन गर्ने अभिप्रायले प्यूठान नगरपालिका प्यूठानको आयोजना तथा नेपाल पत्रकार महासंघ जिल्ला शाखा प्यूठानको समन्वयमा सार्वजनिक सुनुवाई कार्यत्रक्रम सम्पन्न गरिएको छ । आर्थिक वर्ष ०७९/०८० को प्रथम चौमासिकमा भएका विकास कार्य तथा अन्य सेवा प्रवाहको विषयलाई केन्द्रित गर्दै सुनुवाई कार्यक्रम सम्पन्न गरिएको हो । २०७९ पौष २० गते कालका विकास केन्द्र नेपाल विजुवार प्यूठानको सभाहलमा कार्यक्रम सम्पन्न गरिएको हो ।

***२) सार्वजनिक सुनुवाई संयोजन गर्ने व्यक्तिको नाम :*** *प्रज्वल पहाडी /कोषाध्यक्ष नेपाल पत्रकार महासंघ,प्यूठान*

**३) आयोजक :** प्यूठान नगरपालिका प्यूठान

**४) सहजिकरण तथा समन्वय :** नेपाल पत्रकार महासंघ जिल्ला शाखा प्यूठान

**५) कार्यक्रम सम्पन्न मिति तथा स्थान :** २०७९ पौष २० गते /कालिका विकास केन्द्र नेपाल सभाहल विजुवार प्यूठान

**६) अध्ययन गरिएको क्षेत्र :**

**(क) बहिर्गमन अभिमत (Exit Poll) मा सहभागीहरुको विवरण :-**

- *नगारपालिकाको कार्यालय तथा मातहतका वडा मार्फत सेवा लिई फर्किएकाहरु सहभागी*

**(ख) नागरिक प्रतिवेदन (Citizen Report Card) मा सहभागीहरुको विवरण :-**

- **प्यूठान नगरपालिका** *क्षेत्र*

**७) अध्ययन गरिएको अवधि :**

मिति : २०७९ पौष १३ देखि १८

**७) सार्वजनिक सुनुवाईको क्रममा उठेका प्रश्न, जिज्ञासा,सुझाव तथा जवाफदेहि निकायको जवाफ :**

| क्र.सं | प्रश्न गर्नेको नामथर | सहभागीको प्रश्न गुनासो र सुझाव | जवाफदिने पदाधिकारी को नामथर | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | भोज बहादुर वस्नेत | ➢ पुँजिगत खर्च किन कम भयो ? असारे विकासको गति दोहोरीने हो की ?<br><br>➢ सहकारी प्रर्वद्धनमा कम रकम विनियोजन भएको देखियो ।<br><br>➢ अनुदान वितरण प्रणालीलाइ प्रभावकारी बनाउन उत्पादनमा आधारित रहेर वितरण गर्नु पर्‍यो | महेश कुमार गुरुङ/ प्रमुख प्रशासकीय अधिकृत<br><br>बिष्णु बहादुर योगी / नगर प्रमुख | ➢ निर्वाचन,चाडवाड लगाएतका कारण पुँजिगत खर्च कम भएको छ । धेरै योजना संझौता भएका छन् । समयमै काम सक्नका लागि हामीले ध्यान दिने छौं ।<br><br>➢ अर्थतन्त्रको सुधारका लागि सहकारीको भूमिका महत्वपूर्ण नै छ । हामीले यसलाइ त्यही अनुसार नै बुझेका छौं । यो वर्ष १ लाख पूर्वाधार र ८० हजार क्षमता किकासका लागि वजेट विनियोजन गरिएको छ । आगामी दिनमा बढाउदै लानेछौं ।<br>➢ अनुदान वितरण प्रक्रियालाइ प्रभावकारी बनाउन कार्यविधि निर्माण गर्दै छौं । यसलाइ उत्पादनमा आधारित गराउनका लागि नै हामीले जोड दिदै आएका छौं । कार्यविधिले |

| | | | | |
|---|---|---|---|---|
| | | | | अनुदान वितरणलाइ प्रभावकारी बनाउछ भन्ने अपेक्षा लिएका छौं । |
| २ | सुमन सुवेदी | ➢ नगरपालिकाले लिने कर(राजश्व) बढी भएको नागरिक गुनासो पछि केहि समय रोकियो हाल फेरी लिन थालियो समाधान के गरि भयो सेटीङमा सम्वोधन त भएन ?<br><br>➢ नगरपालिका क्षेत्रमा रहेको जमिन बर्गिकरण हचुवाको तालमा गरियो की ? विज्ञहरुको सहभागीता देखिएन ? | देवेन्द्र बर्मा / नगर उप प्रमुख | ➢ यस विषयमा नागरिको गुनासो आएपश्चात सर्वदलिय वैठकवाट राय सुझाव संकलन गएिको र त्यस अनुसार राजश्व परिचालन समितिको वैठक अनुसार पुन विशेष सभा वोलाएर सच्चाएका छौं ।<br><br>➢ जमिन वर्गिकरणका लागि हामीले व्यापक छलफल र परामर्श लिन आवश्यक महशुस नै गरेका छौं । भू उपयोग नियमावली नै यो कार्य गर्नु पर्ने हुन्छ । यसका लागि आवश्यक परामर्श गर्न हामी तयार छौ । |
| | | ➢ नगरपालिका क्षेत्रको बाटोमर्मतका लागि रकम विनियोजन त गरियो तर जहाँ आवश्यकता हो त्यहाँ काम नगरेको पाइयो केहो ? | बिष्णु बहादुर योगी / नगर प्रमुख | ➢ गाउँ जोड्ने सबै मोटरवाटो सुधारका लागि हामीले प्राथमिकता दिदै आएका छौं । त्यसै अनुसार हामीले काम अगाडी बढाएका छौं । नगरपालिकाको स्रोत साधनको हिसावले पनि हामी कमजोर नै छौं । तै पनि अधिकतम स्रोत साधनको परिचालन गर्दै गाउँजोड्ने मोटरवाटोको सुधारका लागि हामी प्रयत्नशिल नै हुने छौं। |
| ३ | नर बहादुर घर्ति मगर | ➢ यातायात भाडादर निर्धारण त गरियो तर कार्यान्वयनको अवस्था के छ ? अनुगमन गर्नु पर्ने होकी । मुख्य आन्तरिक सडकको मात्र भाडादरमा सहमती गरियो तर गाउँ सम्मको भाडादर कायम र कार्यान्वयन गर्नु पर्ने होकी ? | देवेन्द्र बर्मा / नगर उप प्रमुख | ➢ भाडा निर्धारण गर्ने अधिाकार कानुनत नगरलाई छैन । तै पनि व्यापक नागरिक गुनासो आएका कारण हामीले यातायात व्यवसायि संग समन्वय गरि मुख्य वस्तीसम्म जाने भाडादरमा समन्वय गरेको हौं । पुन समिति/व्यवसायि संग बसेर यो विषय कसरी हल गर्न सकिन्छ हामी अगाडी बढ्छौं । |
| ५ | बासुदेव पण्डीत | ➢ बस्ती विकास भएका | बिष्णु बहादुर योगी | केही प्रयासहरु हामीले अगाडी |

| | | | | |
|---|---|---|---|---|
| | | स्थानमा नाली र उचित फोहोर व्यवस्थापन गर्ने स्थान नहुँदा बातावरण प्रदुषण बढ्दै आएको छ । नियन्त्रणका लागि पहल गर्ने होकी । नगरको योजना के छ ? | / नगर प्रमुख | बढाएका छौं । यहिनै प्रयाप्त भने होइन । ठोस योजना बनाएर हामी अगाडी बढ्ने छौं । |
| ७ | प्यारओली खान | ➢ कुम्ले व्यापारि नियन्त्रण गर्न नगरपालिकाले ध्यान दिनु पर्‍यो । एका तर्फ कर चुहावट भयो अर्को तिर कर तिरेका व्यापारि मर्कामा परे ।<br><br>➢ नगरपालिकाको विभिन्न विकास आयोजनाहरुमा स्थानीय व्यापारिलाइ प्रोत्साहन नभइ जिल्ला बाहिरका फर्मवाट सामाग्री खरिद गरिने प्रचलन बढ्दै आयो । व्यापारि मर्कामा परे यसको समाधान गर्नु पर्‍यो । | महेश कुमार गुरुङ/ प्रमुख प्रशासकीय अधिकृत | ➢ यो धेरै ठाउँको समस्या छ । यसको नियन्त्रणका लागि आवश्यक पहल गर्ने छौं ।<br><br>➢ धेरै आयोजनाहरु उपभोक्ता समितिवाट गरिने भएकोले उनिहरुलाइनै निर्माण जिम्मा हुने हुदा नगरपालिकाको कुनै हात छैन । अर्को तर्फ खरिद ऐन को कार्यान्वयन गर्नु पर्ने हुँदा समेत जिल्ला भित्र वा बाहिर भनेर किटान गर्न नमिल्ने अवस्था छ । |

**८) वर्हिगमन अभिमत पत्र तथा नागरिक प्रतिवेदन पत्र संकलनको क्रममा आएका सवाल तथा जवाफदेहि निकायको जवाफहरु :**

| क्र.सं. | सवालहरु | जवाफदेहि ब्यक्ति, कार्यालय वा संस्था | जवाफ |
|---|---|---|---|
| १. | तार्किचौरमा खानेपानी समस्या रहेको । लिफ्ट खानेपानी आयोजना निर्माण ढीलाई भएको छ किन? | मेयर | ➢ सिमित स्रोतसाधनका कारण धेरै आयोजनाहरु यकै पटक सम्पन्न गर्नका लागि हामी समस्यामा छौं । आधारभूत खानेपानी आपूर्तिका लागि हामी पहल गर्ने छौं । |
| २. | नगर क्षेत्रका आन्तरीक वस्ती जोड्ने सडकको स्तरउन्नती तथा थप सडक | मेयर | आन्तरिक सडकहरु निर्माण संगै मर्मतका लागि समेत हामीले |

| | | | |
|---|---|---|---|
| | निर्माणका लागि नगरपालिकाको योजना के छ ?<br>➢ फुल्वारी काप्रे चौर तोरवाङ्ग मो.वा. ३ सय मिटर मात्रै जोड्न बाकी छ वजेट विनियोजन किन भएन<br>➢ प्यूठान नपा ९ र १० का अन्य सडक पनि पुरा गर्न बाँकी रहेकोले त्यसलाई आवश्यक वजेट व्यवस्थापन हुनु पऱ्यो । | | प्राथमिकता दिदै आएका छौं । क्रमश सडकको मर्मत सुधार संगै स्तरउन्नती गर्ने र नयाँ ट्याक खोल्नमा समेत हामीले पहल लिने छौं । |
| ३. | शैक्षिक गुणस्तरलाई मध्यनजर गर्दै सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि आवश्यक अनुगमन र प्रोत्साहनको वातावरण सृजना गर्नु पर्ने | मेयर/शिक्षा शाखा प्रमुख | नगरपालिकाले शिक्षालाई सधै पहिलो प्राथमिकता दिदै आएको छ । विकासको पहिलो खुड्कीला शैक्षिक क्षेत्रको सुधार नै हो । शैक्षिक क्षेत्रका विज्ञताहरु संग आवश्यक छलफल गरि ठोस कार्यक्रम अगाडी बढाउने छौं । |
| ४ | प्यूठान नगरपालिका ६ माझकोट वस्तीमा खानेपानी समस्या रहेकोले त्यसको व्यवस्थापन हुनु पऱ्यो । पहिलेको योजना अप्रयाप्त रहेको । | मेयर/प्र.प्र.अ./वडा अध्यक्ष | |
| ५. | इन्डक्सन चुलो विपन्न वर्गलाई दिनु पर्नेमा किन हुनेखानेलाई मात्र वितरण गरियो ? | उपमेयर | यसको उपयोगका लागि केहि खर्चिलो हुने देखि नगरपालिकाले निर्णय लिन वाध्य भएका हौं । करदातालाई सम्मान पनि हुने र यसको उपयोग पनि हुने देखि सम्पत्तिकर वढी बुझाउने व्यक्तिलाई आधार बनाएर यसको वितरण भएको छ । विपन्न परिवारको आर्थिक विकास तथा साहायताका लागि नगरपालिकाले सधै प्राथमिकता दिने छ । |

| | | | |
|---|---|---|---|
| ६ | बाग्दुला बजारमा व्यापारिक प्रयोजनका लागि सडक छेउमै व्यवसाय संचालन गर्ने गर्दा आवत जावतमा सवारी जाम हुने हुदा यसको व्यवस्थापनका लागि नगरपालिकाको योजना के छ ? यसको व्यवस्थापन हुनु पर्‍यो । | मेयर/उपमेयर | |
| ७ | नगर क्षेत्रका पर्यटकिय स्थलहरु भित्रिकोट झुलेनी सहिद पार्क लगाएत क्षेत्रलाई आम्दानी मुलक र आकर्षक बनाउनु पर्‍यो वर्षेनी करोडौ लगानी हुन्छ तर आम्दानी लिनका लागि किन नगरपालिकाले चासो राख्दैन किन? | मेयर/प्र.प्र.अ. | यि क्षेत्रमा अझै भौतिक पूर्वाधारको अप्रयाप्तता छ । त्यसको विकासका लागि कतिपय संरचनाहरु निर्माण गर्नका लागि नगरपालिकाले पहल लिदै आएको छ । |
| ८ | नगर क्षेत्रका कृषकहरुलाई व्यवसायिक बनाउनका लागि नगरपालिकाको योजना केछ ? कृषको माटो परिक्षण संगै व्यवसायिक खेती सम्वन्धी आवश्यक तालिमको व्यवस्था गर्नु पर्‍यो । | मेयर | हाम्रो आर्थिक विकासको मुख्य सुचक नै कृषि हो । हामीले यसलाई महत्वका साथ हेरेका छौं । उत्पादनका आधारमा कृषि अनुदान तथा साहायतालाई अगाडी बढाउने सोचमा नगरपालिका अगाडी बढेको छ । यस सम्वन्धी आवश्यक कार्यविधि निर्माण गर्दै छौं । छिट्टै कार्यान्वयनको दिशामा अगाडी बढ्छौं । |
| ९ | नगरपालिकाको खोतीयोग्य जमिनको संरक्षणको लागि नगरको योजना केछ ? होइन भने व्यवस्थीत सहरीकरणका लागि योजना अघि बढाउनु उचित होला । | प्रमुख प्र.अ. | जग्गाको वर्गिकरणका लागि पहल लिदै छौं । यसको कार्यान्वयनका लागि हामीले पहल गर्ने छौं । यसो गरिय खेतीयोग्य जमिन संरणमा साहायता पुग्ने विश्वास लिएका छौं । |
| १० | बडा नम्वर ४ र २ मा कर्मचारी कमी र कम्प्यूटर ज्ञान कमी भएका कारण सेवा प्रभावहमा ढिलाई भएकोले सेवाग्राही मर्कामा रहेका छन् थप कर्मचारी | प्र.प्र.अ./ वडा अध्यक्ष | कर्मचारी सवै वडामा दरवन्दी अनुसार कायम गरिएको छ । कम्प्यूटर ज्ञान कमी हुन सक्छ त्यसको अभिवृद्धिको लागि पहल |

| | | | |
|---|---|---|---|
| | व्यवस्थापनका लागि नगरपालिकाले ध्यान दिनु पर्‍यो । | | लिन्छौं । |
| ११. | यूवाहरुका लागि व्यवसायिक तथा उत्पादनमुलक कार्यक्रम संचालनका लागि नगरको उचित योजना भएको देखिदैन । वैदेशिक रोजगारीमा जानेको दर वढ्दै गरेकोले यसलाई रोक्नका लागि के छ योजना ? | मेयर | विभिन्न अनुदानहरुमा यूवाहरुलाई समेट्दै अगाडी बढेका छौं । तर पनि सवैलाई समेट्नका लागि हामी आफैमा सक्षम छैनौं । यो राष्टिय समस्या नै हो । त्यैपनि सक्दो प्रयास हामीवाट हुने नै छ । |
| १२ | चिस्यान केन्द्रको व्यवस्थीत उपयोग किन भएन ? | मेयर | केहि प्राविधिक समस्याहरु देखिदै आएको छ । यसको उपयोगका लागि के गर्न सकिन्छ हामी गर्न तत्पर छौं । |
| १३ | मित्रमणी चोक देखी नगरपालिका सम्म सानो गाडी संचालन गर्नु पर्‍यो आवत जावत गर्न समस्या रहेको छ । | मेयर | यसका लागि यातायात व्यवसायिसंग छलफल गर्छौं । नगरपालिका क्षेत्रमा पार्किङको केहि समस्या छ । आवश्यक छलफल गरि निर्णय लिन्छौं । |
| १४ | नगरपालिकाका भित्रि सडकहरुमा नाली नहुदा वर्षेनी सडक क्षती हुदै गएकोले त्यसको सुधारमा नगरको योजना के छ ? | मेयर | क्रमश सडक स्तरउन्नतीका लागि हामीले पहल गर्दै आएका छौं । सवै क्षेत्रमा स्रोतसाधनले के कति समेट्छ तै पनि विस्तारै प्राथमिकताको आधार बनाएर योजना अगाडी बढाउने प्रयत्नमा छौं । |
| १५ | नगरक्षेत्रको वार्षिक वजेट तथा कार्यक्रम गराउदा विषय विज्ञहरु संगको परामर्शलाई जोड दिनु पर्‍यो । | मेयर | नगरपालिकाका विभिन्न विषयगत समितिहरु छन् । ति समितिहरुमा आवश्यक छलफल विचार विमर्श मार्फत वजेट तैयार हुदै आएको छ । हामी बिषयविज्ञहरुको सुझावहरुलाई सधै ग्रहण गर्छौ र त्यसका लागि थप पहल समेत लिन तयार छौ । |


**बहिर्गमन अभिमत (Exit Poll) मा सहभागीहरुको विवरण :-**

(गाँऊपालिकाबाट सेवा लिई फर्किएकाहरु सहभागी)

| जम्मा | महिला | पुरुष | दलित | जनजाति | ब्राम्हण/क्षेत्री | अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४० | १० | ३० | ७ | १२ | २१ | | |

## बर्हिगमन अभिमत प्रतिवेदन विश्लेषण

| क्र.सं | सेवाको नाम | राम्रो | ठिकै | सूधार गर्नू पर्ने |
|---|---|---|---|---|
| १ | सेवा लिन को संग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्टजानकारि भयो | ७६.६६ | २३.४ | ० |
| २ | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बूझे जस्तो लाग्यो ? | ६६.६६ | ३३.४ | |
| ३ | तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | ८३.३३ | १६.६६ | ० |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सुचनाहरु (प्रमाण्न कागजात र शूल्कदस्तूर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्टगरे कि ? | ६३.३३ | ३६.७ | ० |
| ५ | तपाईले राख्नूभएका समस्यालाई केकस्तो समाधान दिए ? | ५६.६६ | ४० | ३.४ |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो लाग्यो ? | ६३.३३ | ३० | ६.६७ |
| | जम्मा प्रतिशत | 68 | 30.5 | 1.5 |



**नागरिक प्रतिवेदन पत्र** (Citizen Report Card) **मा सहभागी विवरण :**

| जम्मा | महिला | पुरुष | दलित | जनजाति | ब्राम्हण/क्षेत्री | अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४० | ९ | ३१ | ५ | १२ | २३ | | |

**सहजकर्ता गर्नेको दस्तखत :**